"स्वच्छ समृद्ध सुसंस्कृत इलाम"

# इलाम नगरपालिका कार्यालय

## इलाम

Green Ilam

**विषय :– नगर यातायात गुरु योजना तयार गर्ने काम (MTMP) को प्राविधिक तथा आर्थिक प्रस्ताव आह्वान सम्वन्धि सूचना।**

प्रथम पटक प्रकाशित मिति : २०७३/०१/३१

यस इलाम नगरपालिकाको नगर यातायात गुरु योजना (Municipal Transport Master Plan, MTMP) तयारी गर्ने काम स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४, बमोजिम परामर्स सेवा गुणस्तर तथा लागत विधि द्धारा परामर्शदाता प्रतिस्पर्धा बाट छनौट गरी गराउंनुपर्ने भएकोले उल्लेखित कार्य गर्न नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक परामर्शदाता, फर्म, संस्था वा कम्पनी बाट निम्न शर्तहरुको अधिनमा रहि शिलबन्दी प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्न सम्वन्धित सवैको जानकारीको लागि यो सुचना प्रकाशन गरीएको छ।

१) इच्छुक परामर्शदाताले यस कार्यालयबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र रीकतपूर्वकको दस्तूर (पछि फिर्ता नहुने गरी) बुझाई प्रस्ताव (ToR तथा RFP) (राजश्व खाता नं. ०४००३००००४३२) खरिद गर्न सकिनेछ।

२) प्रस्ताव खरिद गर्न इच्छुकले नियमानुसारको कागजात दस्तुर बुझाएको रसिद पेश गरी निवेदन दिनु पर्नेछ। निवेदन साथ उद्योग दर्ता प्रमाण पत्र, आयकरको स्थायी नम्वर लेखा नम्बर, मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाण पत्र र गत आ.व.को कर चुक्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ।

३) खरिद गरिएका प्रस्तावहरु सूचना प्रकाशित भएको मितिले १६ (औं) दिनको १२.०० वजेभित्र यस कार्यालयमा प्राविधिक तथा आर्थिक प्रस्तावहरु छुट्टाछुट्टै खामवन्दि गरी दर्ता गरी सक्नुपर्नेछ। दाखिला हुन आएका विवरणहरु सोही दिनको १.०० वजे यस कार्यालयमा उपस्थित परामर्शदाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरु र तोकिएका कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ। परामर्श वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि प्रस्ताव खोल्न कुनै बाधा पर्ने छैन।

४) प्रस्ताव खरिद गरिने अन्तिम दिन वा प्रस्ताव बुझाउने अन्तिम दिन विदा पर्न गएमा सोको लगतै कार्यालय खुलेको दिन प्रस्ताव खरिद गर्न वा बुझाउन सकिनेछ।

५) प्रस्ताव को खाम वाहिर दाखिला गरिने कार्यालयको नाम, कामको विवरण र प्रस्ताव दाताको नाम, ठेगाना र फोन नं (घर तथा मोवाईल) स्पष्ट लेखिएको हुनु पर्नेछ।

६) प्रस्तावदाताले स्पष्टरुपमा अंक तथा अक्षर दुवैमा मुल्य अभिवृद्धि करबाहेकको दररेट लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक देखिएमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिइनेछ।

७) अन्य विस्तृत विवरण Bid Data मा उल्लेख गरिएको छ। सो सम्बन्धमा आवश्यक पर्ने प्रमाणहरु पेश गर्ने जिम्मेवारी प्रस्तावदाताको हुनेछ।

८) प्राविधिक प्रस्ताव उतिर्ण भएका प्रस्तावदाताहरुको मात्र आर्थिक प्रस्ताव खोलिनेछ। प्रस्तावको अन्य डकुमेण्टमा (भाषागत समेत) त्रुटी भएमा वा विषय वा प्रसंगले अन्य अर्थ लागेमा कार्यालयले कुनै वेला सच्याउन वाधा पर्ने छैन। कार्यालयको हितलाई ध्यानमा राखी प्रस्ताव स्वीकृत गर्नेनगर्ने वा आंशिकरुपमा स्वीकृत गर्ने वा सूचना नै रद्ध गर्ने लगायतका सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

९) प्राविधक प्रस्तावको अंकभार ८० तथा उर्त्तिणांक ६० प्रतिशत हुनेछ। साथै आर्थिक प्रस्तावको अंकभार २० रहेकोछ। साथै कार्य सम्पन्न गर्नुपर्ने अवधि सम्झौता भएको मिति बाट ३ महिनाको हुनेछ।

१०) सूचनामा उल्लेख भएकोमा सोहीवमोजिम र अन्य विषयको हकमा प्रचलित स्थानीय स्वायत्त शासन ऐन, नियमावली तथा सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद (संशोधनसहित) नियमावली, २०६४ तथा प्रचलित ऐन नियमअनुसार हुनेछ।

११) वोलपत्र सम्वन्धि थप जानकारीका लागि कार्यालय समयमा यस कार्यालयको योजना तथा प्राविधिक शाखामा सम्पर्क गर्न सकिनेछ।

**प्रस्ताव सम्वन्धि कार्यको विवरण**

| सि. नं. | ठेक्का नं. | कामको विवरण | प्रस्ताव दस्तुर रु. | प्रस्ताव खरिद गर्न सकिने अवधि (दिन) | कैफियत |
|---|---|---|---|---|---|
| १ | इ.न.पा.का./इलाम/ सि.को./सेवा/०५/ ०७२/०७३ | इलाम नगरपालिकाको नगर यातायात गुरु योजना (MTMP) निर्माण। | ३००.०० | १५ दिन | |

.................................
कार्यकारी अधिकृत

कार्यकारी अधिकृत

027-520060/ 520065 Fax: 027-520031; Fire Brigade 027-520030
URL: www.ilammun.gov.np Email: info@ilammun.gov.np; mun.ilam@gmail.com

# इलाम नगरपालिका कार्यालय

## इलाम

Green Ilam

**विषय :– नगर यातायात गुरु योजना (MTMP) प्राविधिक तथा आर्थिक प्रस्ताव आव्हान सम्वन्धि सूचना ।**

प्रथम पटक प्रकाशित मिति : २०७३/०१/३१

यस इलाम नगरपालिकाको नगर यातायात गुरु योजना (Municipal Transport Master Plan, MTMP) तयारी गर्ने काम स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४, बमोजिम परामर्स सेवा गुणस्तर तथा लागत विधि द्धारा परामर्शदाता प्रतिस्पर्धा बाट छनौंट गरी गराउनुपर्ने भएकोले उल्लेखित कार्य गर्न नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक परामर्शदाता, फर्म, संस्था वा कम्पनी बाट निम्न शर्तहरुको अधिनमा रहि शिलबन्दी प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्न सम्वन्धित सवैको जानकारीको लागि यो सुचना प्रकाशन गरीएको छ । यस सम्वन्धि सम्पूर्ण कुराहरु बुझ्नको यस कार्यालयको वेव साईट www.ilammun.gov.np, सूचना पाटी तथा कार्यालय समयमा यस कार्यालयको योजना तथा प्राविधिक शाखामा सम्पर्क गर्न सकिनेछ ।

.................................

कार्यकारी अधिकृत

कार्यकारी अधिकृत

027-520060/ 520065 Fax: 027-520031; Fire Brigade 027-520030
URL: www.ilammun.gov.np Email: info@ilammun.gov.np; mun.ilam@gmail.com